# राजपत्र

## वैजनाथ गाउँपालिका बाँके ।

**खण्ड : ०४ संख्या : ०८ भाग : ०२ प्रकाशित मिति : २०७८/०३/०९**


# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०३/०५

गाउँकार्यपालिकाबाट पहिलो संशोधन मिति २०८२।१।३

**प्रस्तावना :**

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०)को कार्यान्वयन गर्नका लागि बैजनाथ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ को अधिनमा रही बैजनाथ गाउकार्यापालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

**१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस बैजानथ गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) बमोजिम पर्न आएका निवेदनहरु तपसिल बमोजिमको योग्यता जाँचबुझ तथा सिफारीस समितिमा पेश गरी जांचबुझ गराई योग्यता भए नभएको निर्क्योल गर्नु पर्नेछ |

संयोजक : प्रमूख प्रशासकीय अधिकृत

सदस्य : पुर्वाधार विकास शाखा प्रमुख वा सम्भब भए मेकानिकल इन्जीनियर

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्यः कानुन अधिकृत (सम्भब भए सम्म ) वा प्रशासन शाखाको अधिकृत कर्मचारी

सदस्य सचिव : सम्बन्धित शाखा हेर्ने शाखा प्रमुख वा संयोजकले तोकेको कर्मचारी

यसरी जांचबुझ गर्दा अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको जांच गर्नुपर्ने छ | यस समितिमा आवश्यकता अनुसार अन्य विज्ञहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ |

३) दफा २) को उपदफा २) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्न जाँचबुझ तथा सिफारिस समितिले निर्णय गरी इजाजत पत्र प्रदान गर्न कार्यालयलाई सिफारिस गर्नेछ | कार्यालयले इजाजत पत्र प्रदान गरेपछि सोको निर्णय वार्षिक रुपमा एकमुष्ट कार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ |

४) उपदफा २) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र समितिको निर्णय वमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत सालबलासी रुपमा आउने शुल्क वा दस्तुर आर्थिक ऐनले तोके बमोजिम लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

५) वैजनाथ स्थायी ठेगाना वाहेकका व्याक्ति वा संस्थाले यस गाउँपालिकालावाट इजाजत पत्र लिन चाहेमा त्यस्ता व्याक्ति वा संस्थाले बैजनाथ गाउँपालिकाभित्र कार्यालय रहने गरी जग्गा लिजमा लिएको प्रमाण, लालपुर्जा , जग्गा धनिको नागरिकताको प्रमाण, मालपोत तिरेको रसिद संलग्न राखी पेश गरेमा नियमानुसारको दस्तुर लिइ घ वर्गको इजाजत पत्र जारी सकिनेछ ।

६) यसरी गाउँपालिका भित्रका नागरिकलाई साल वसाली आर्थिक ऐनले तोकेको कर रकममा गाउँपालिका बाहिरका नागरिकले लिन चाहेमा उक्त कर रकमको ४० प्रतिशत थप कर लगाइ इजाजत पत्र जारी गर्न सकिनेछ ।

**३) इजाजतपत्रको अवधि र नवीकरण :**

१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

२) उपदफा १) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरीसकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकावाट सालबसाली रुपमा आउने आर्थिक ऐनले तोके वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पासबूक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची-४ वमोजिमको पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

३) उपदफा २) बमोजिमको निर्माण व्यवसायी इजाजतपत्रको म्याद नाघेको ३ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउनु पर्नेछ सो अवधि भन्दा पछी नवीकरण गराउन आउने व्यवसायलाई सालबसाली रुपमा आउने आर्थिक ऐनले तोकेको शुल्कमा तपसिल बमोजिमको थप विलम्ब शुल्क लाग्ने छ ।

- म्याद समाप्त भएको ४ महिना देखि ६ महिना भित्र नवीकरण गराएमा : १०%
- म्याद समाप्त भएको ७ महिना देखि ९ महिना भित्र नवीकरण गराएमा : १५%
- म्याद समाप्त भएको ९ महिना देखि १ वर्ष भित्र नवीकरण गराएमा : २०%
- म्याद समाप्त भएको १ वर्ष देखि २ वर्ष भित्र नवीकरण गराएमा : ५०%
- म्याद समाप्त भएको २ वर्ष देखि ३ वर्ष भित्र नवीकरण गराएमा : ७५%

**४) इजाजतपत्रको खारेजी :**

१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

घ) ३ वर्ष सम्म पनि नवीकरण नगराएमा |

२) उपदफा १) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

३) दफा ३ को उपदफा ३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा १) वा ३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा क्रम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा सालबसाली रुपमा आउने आर्थिक ऐनले तोकेको शुल्क बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

६) प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) नामसारी तथा हक हस्तान्तरण सम्बन्धी व्यवस्था :**

(१) कनै इजाजत प्राप्त व्यक्तिको मृत्यु भएमा वा अरु कसैलाई हक हस्तान्तरण गरेमा कार्यालयले हक हस्तान्तरण वा नामसारी गर्नाको कारण सहितको पुष्ट्याई हुने विवरण लिई जांच बुझ तथा सिफारिस समितिले छानबिन गरी आवश्यक प्रक्रिया पुरा गरि समितिको बैठकबाट निर्णय गर्नु पर्नेछ | समितिले गरेको निर्णय वार्षिक रुपमा एकमुष्ट कार्यपालिकामा अनुमोदन गराउनु पर्नेछ |

(२) दर्ता, हक हस्तान्तरण वा नामसारी ,प्रतिलिपी र नविकारण सम्बन्धी शुल्क वा दस्तुर सालवलासी आर्थिक ऐनले तोके बमोजिम हुनेछ |

३) इजाजत पत्र प्राप्त भएको मितिले १ एक वर्ष भित्र नामसारी तथा हक हस्तान्तरण हुने छैन ।

**८) प्रारम्भ, खारेजी तथा बचाउः**

१. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ |

२. यस अघि प्रचलित कानून तथा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

३. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ खारेज गरिएको छ ।

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाउ भन्ने बारे ।

श्री ............................म.न.पा/.नपा/गा.पा को कार्यालय

................

यस ......................................कार्यालयको कार्यविधि .........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-



दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.
ख.
ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

निवेदकको :
दस्तखत :-
मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूची - २

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

| क.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | **घ** | सालबसाली रुपमा आउने आर्थिक ऐनले तोके बमोजिम हुने | | | |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७८ बमोजिम को दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित तोकिएको दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसुची-५

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

क) ट्रिपर /टयाक्टर एक/एक थान)

ख) मिक्सर एक थान)

ग) Theodolite/Level Machine ( एक सेट)

घ) वाटर पम्प तीन थान)

ङ) भाइब्रेटर तीन थान)

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले,

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

**मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-**

**घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१**